सूचना पाटी

गोलन्जोर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार सिन्धुली
३ नं प्रदेश

२ कोठे ट्रसको भवन निर्माण सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७५/०२/०३

सर्तहरुः

१। दरभाउपत्र फारम रु. १,०००/(पछि फिर्ता नहुने गरी) बुझाइ यो सूचना प्रकाशित भएको मितिले १५ दिन (दरभाउपत्रको अन्तिम मिति) भित्र चालु आ. व. को लागि नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, मु. अ. क.. दर्ता प्रमाणपत्र, आ. व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदन साथ यस कार्यालयबाट कार्यालय समयमा खरिद गर्न सकिनेछ।

२। खरिद भएको दरभाउपत्र फाराम फर्मले सिलवन्दी गरी खाम बाहिर आफ्नो फर्मको नाम र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र खरिद गरी १६ औं दिनको १२ बजे भित्र दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु १६ औ दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधि, फर्मको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। समयमा फर्मको वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पुग्नेछैन। कारणवसं सिलवन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३। दरभाउपत्र सर्त रहित, केरमेट नभएको हुनुपर्नेछ, यदि केरमेट भएमा केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ।

४। तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनुपर्नेछ।

५। ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यायको नाममा जारी गरिएको घटीमा ६ महिना म्याद कायम भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफर्मेन्स वण्ड) पेश गरी सम्झौता गर्नुपर्नेछ।

६। दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। केरमेट भएमा केरमेट भएको स्थानमा सहीछाप गर्नुपर्ने छ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइनेछ। दरभाउपत्र फारमको प्रत्येक पानामा सम्बन्धित ठेकेदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ।

७। एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

८। यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुने।

९। दरभाउपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०। यो सूचनामा लेखिएको विषयमा सोही बमोजिम र अन्य कुराहरु सार्वजनि खरिद ऐन २०६३ र सार्वजनि खरिद नियमावली २०६४ बमोजिम हुनेछ

११। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। यो सूचना यस गाउँपालिकाको Website: www.golanjormun.gov.np समेत हेर्न सकिनेछ।

१२।

| बोलपत्र नं | आयोजनाको नाम | ल. इ. रकम रु. (कन्टीजेन्सी र मु .अ. कर सहित) | दरभाउपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १/२०७४-०७५ | गोलन्जोर गाउँपालिका अन्तर्गतको स्वास्थ्य चौकी ग्वालटारको २ कोठे ट्रसको भवन निर्माण सिन्धुली | ६,००,०००/ | १,०००/ | |